सिजा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# सहकारी शाखा

नराकोट जुम्ला

कर्णाली प्रदेश नेपाल

प्र सः-२०८१।०८२

मितिः-२०८२।०२।१९

च नः-१३२६

विषयः- सूचना। सूचना॥ सूचना॥।

श्री सिंजा गाउँपालिका भित्र संचालनमा रहेका सबै सहकारीहरु।

सहकारी व्यवस्थापन प्रणालीको एउटा महत्वपूर्ण औजार आधुनिक प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणाली पनि हो। सूचना व्यवस्थापन प्रणाली संस्थाको एक महत्वपूर्ण औपचारिक तथा स्थापित पद्धति हो जसबाट संस्थालाई आवश्यक पर्ने सूचनाहरुको निरन्तर प्राप्ति वा संकलन गर्ने, त्यस्ता सूचनाहरुलाई एकीकृत गर्ने, वर्गीकरण गर्ने, तुलना गर्ने, विश्लेषण गर्ने तथा सो बाट प्राप्त नतिजाहरुलाई संस्थाको आन्तरिक तथा वाह्य वातावरणमा समयबद्ध, कुशलतापुर्वक, र प्रभावकारी रुपले (Timely, Efficiently and Effectively) संप्रेषण गर्ने काम हुन्छ। सूचना व्यवस्थापन प्रणाली वर्तमान समयमा कम्प्युटर, सफ्टवेयर, सर्भर, नेकवर्क लगायतका आधुनिक यन्त्र उपकरणहरुको आपसी संयोजन र मानवीय साधनको परिचालन तथा व्यवस्थापनमा आधारित हुन्छ। व्यवस्थापन सूचना प्रणाली भन्नाले कुनै पनि संस्थाको व्यवस्थापकीय र वित्तिय सूचना तथा तथ्याङ्कलाई कम्प्युटरको माध्यमबाट तयार गरिएको व्यवस्थित प्रणाली हो जसले सो संस्थाको सबै तहको सञ्चालन संबन्धी प्रतिवेदनहरू स्वचालित रूपमा उत्पादन गर्न सक्दछ। सो प्रणाली अन्तर्गत सबै सूचनाको श्रोत, सूचना सङ्कलन गर्ने कार्यविधि तथा यस प्रणालीका सरोकारवालाहरु पनि पर्छन्। व्यवस्थापन सूचना प्रणालीले प्रभावकारी रूपमा सांगठनिक निर्णय गर्न मद्दत गर्छ। समग्रमा व्यवस्थापन सुचना प्रणाली कम्प्यूटरमा आधारित प्रणाली हो जस्ले सरोकारवाला, निर्णयकर्ता संगठन भित्रका कार्य, क्रियाकलाप तथा संगठनात्मक व्यवस्थाहरु संगठित गर्न, मूल्याँकन गर्न र कार्यकुशलपूर्वक व्यवस्था गर्ने साधन (tools) उपलब्ध गराउँछ। यसमा निर्णय गर्न आवश्यक पर्ने सफ्टवेयर, आँकडा (data) श्रोतहरु जस्तै डाटावेश प्रणाली, हार्डवेयर (hardwares) का व्यवस्था, निर्णय सहयोग प्रणाली (प्रतिवेदन र सुचनाहरु), कर्मचारी व्यवस्थापन, आयोजना व्यवस्थापन तथा कम्प्यूटराईज्ड प्रकृयाहरु समावेश हुन्छन, जस्ले निकाय संचालन गर्न सक्षम तुल्याउँछ। सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सचना प्रणाली (COPOMIS ) सहकारी तथा तथा गरिबी निवारण क्षेत्रको एक औपचारिक, स्वचालित र आधुनिक सूचना तथा संचार प्रविधि ( ICT) मा आधारित रहेको छ।साथै यसपालिका भित्र रहेका सहकरीहरुले सहकारी शाखामा समन्य गरी जानकारी लिनअनुरोघ छ।

बोधार्थ : सूचना प्रविधि शाखा अपलोड गरिदिनु हुन।

मित्रलाल धिताल

सहकारी शाखा प्रमुख

सहकारी शाखा प्रमुख